
BUDDHA
PUBLICATIONS

# हाम्रो सेरोफेरो

## (हामी र हाम्रो संसार)

## कक्षा २





**श्रृंखला सम्पादन**
श्रीधर लोहनी

**सम्पादन**
डा. जगमान गुरूङ

**लेखन**
प्रा. हृषीकेश उपाध्याय
प्रा. डा. विजय कुमार रौनियार

*नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, भक्तपुरबाट वि.सं. २०७८ देखि २०८० सम्मका लागि स्वीकृतिप्राप्त अतिरिक्त सिकाईसामग्री*







# हाम्रो सेरोफेरो

## (हामी र हाम्रो संसार)

प्रथम संस्करण : २०७८
सर्वाधिकार (©) : २०७८, बुद्ध प्रकाशन प्रा. लि.
प्रकाशक : बुद्ध प्रकाशन प्रा. लि.
अनामनगर, काठमाडौं-२९, नेपाल ।
टेलिफोन: ०९७७-१-५७०५१६५, ५७०५२१०, ५७०५१७७
e-mail: info@buddhapublication.com
www.buddhapublication.com

चित्राङ्कन : नारायण बोहजु
लेआउट डिजाइन : ज्ञानु कार्की
ISBN : 978–9937–30–376–7
मूल्य : रु. ३२४/-
मुद्रण : काठमाडौं, नेपाल ।



# प्रस्तावना

प्राथमिक तहको पहिलो कक्षा पूरा गरी दोस्रो कक्षामा उत्साहका साथ प्रवेश गर्ने कलिला बालबालिकाहरुको आधारभूत शिक्षामा गुणात्मक प्रभाव पार्ने उद्देश्यका साथ हाम्रो सेरोफेरो (**हामी र हाम्रो संसार**) **कक्षा** २ तयार पारिएको छ । प्रायः छ देखि आठवर्षे उमेर समूहका बालबालिकाहरु आफ्नो घरपरिवार, छरछिमेक, विद्यालय र आफ्नो उमेर समूहका साथीहरुसँग घुलमिल हुन, खेलकूद गर्न र नयाँ कुरा सिक्न उत्सुक रहन्छन् । उनीहरुको उत्सुकतालाई सहजपाराले प्रवर्द्धन गर्न र उनीहरुले अनुभव गरेका विषयहरुलाई कुराकानी, छलफल, नाचगान, संगीत र अभिनयद्वारा प्रकट गर्न प्रशस्त अवसर उपलब्ध गराउने पाठ्यसामग्री यस पुस्तकका मुख्य आकर्षण रहेका छन् ।

ससाना बालबालिकाहरु आफ्नो सेरोफेरो अर्थात् आफू बस्ने घरपरिवारको वातावरण, घरअगाडिको बगैँचा, करेसाबारी, विद्यालयको कक्षाकोठा, खेलमैदान र यी सबै ठाउँमा भेटिने आफ्नो उमेर समूहका साथीहरु र रेखदेखको जिम्मा लिने व्यक्तिहरुबाट प्रभावित हुन्छन् । घरभित्र रहँदा सँगै बसेर खाने, खानेकुरा बनाउन चासो राख्ने, परिवारका सदस्यहरुसँग कुराकानी गर्ने, कथा भन्ने, सुनाउने, गीत गाउने, टिभी हेर्नेजस्ता कुराको प्रसंग आउँछ । यिनै विषयलाई लिएर बालबालिकाहरुले आफूलाई कुन कुरा मन पर्छ, किन मन पर्छ, अरुलाई के मन पर्दो रहेछ छुट्याउन सक्छन् । खानेकुराभित्र बिहानको खाना, दिउँसो र साँझको खानामा केके परिकार आउँछन् भनेर सम्झँदै गर्दा उनीहरुले स्कूलमा खाजाको रुपमा केके खानेकुरा लग्ने गरेका रहेछन् थाहा पाउन थाल्छन् ।

खानेकुरासँग चाडबाड र मेलापर्व जोडिन आउँछन् । हाम्रो संस्कृति र परम्परामा प्रत्येक पर्व र उत्सवसँग विशेष खानेकुरा र परिकार जोडिएका हुन्छन् । तिहारको सेलरोटी, तीजको दर, माघेसंक्रान्तिको घ्यूचाकु, तिल आदिका लड्डु, विवाहको कसार र अनरसा यसका केही उदाहरण हुन् । यसबाट हाम्रो भोजन, खानपान र रहनसहनको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्ध रहेको देख्न पाइन्छ ।

यस पाठ्यपुस्तकबाट कक्षा २ का बालबालिकाहरुले आफ्नो दैनिक जीवन, विद्यालयका गतिविधि, आफ्नो समुदायमा भइरहने मेलापर्वबारे आफ्नो कुरा सुनाउने र अरुको अनुभव सुन्ने अभ्यास गर्नेछन् । साना केटाकेटीहरुका लागि प्यारो ठाउँ भनेको चौर र खेलमैदान हुन् । उनीहरु खुला ठाउँमा दौडन, उफ्रन, भेट्टाइ खेल्न, पिङ मच्चाउन, भकुण्डोपछाडि दौड्न खुब आनन्द मान्छन् । यसैले अनेकौं पाठहरुमा कसरत, व्यायाम, खेलकूद र नाचगानका विषयहरु राखिएका छन् ।

आजका बालबालिकाहरु वातावरण संरक्षण, प्रकोपहरुबाट बच्ने उपायहरु, व्यक्तिगत र सामुदायिक सरसफाइ, व्यक्तिगत सुरक्षाबारे सचेतना, विज्ञान र प्रविधिको प्रयोग र बजार तथा सञ्चारका विषयमा जागरूक हुन पनि आवश्यक भएको छ । साथै आफ्ना हात चलाएर विभिन्न सामान, खेलौना बनाउन, कागज, काठका टुक्रा, कपडाका टालाहरु प्रयोग गर्दै हस्तकलाको सामान्य अभ्यास गर्न, चित्र लेख्न, रङ भर्न पनि बालबालिकाहरुको तीव्र चाहना देखिन्छ । गीत गाउने, लय मिलाएर आवाज निकाल्ने र नाच्ने कुरा बालबालिकाहरुको दैनिक जीवनको अर्को सिर्जनात्मक पक्ष हो । यी सबै पक्षलाई प्रोत्साहित गर्ने पाठ्य एकाइहरु समावेश गरिएका छन् ।

समाजबारेको अध्ययनले बालबालिकालाई सूचना, शीप र मूल्यहरुको ज्ञान दिएर उनीहरुको कुनै पनि विषयमा राम्रो जाँच गर्न सक्ने क्षमता बढाउँछ । त्यहीअनुरुप उनीहरु ठिकसँग तर्क गर्न सक्ने, समुदायका समस्या बुझ्ने र केही हदसम्म समाधान दिन सक्ने हुनुका साथै विविधतालाई स्वीकार्ने, सहनशील हुने, वातावरणको रक्षा गर्ने र सबैप्रति सम्यकभाव राख्न सक्ने बन्छन् । यस्ता गुणहरुको विकासमा यस पुस्तकले मद्दत गर्ने विश्वास गरिएको छ ।

प्रस्तुत **हाम्रो सेरोफेरो** (**हामी र हाम्रो संसार**) **कक्षा** २ विद्यार्थीहरुका लागि पाठ्यपुस्तक र कार्यपुस्तिका दुवै प्रयोजनका लागि तयार पारिएको हो । यसलाई थप उपयोगी र प्रभावकारी बनाउन शिक्षक, अभिभावक तथा विज्ञहरुका रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
मान्यता, श्रमकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स: ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

२०७७/०७८

मिति: २०७८/०२/२४

पत्र संख्या:-
चलानी नं.:- १०८०

विषय : पाठ्यसामग्री स्वीकृति सम्बन्धमा ।

श्री बुद्ध पब्लिकेसन्स प्रा.लि.
काठमाण्डौं ।

प्रस्तुत विषयमा त्यस प्रकाशनबाट मूल्याङ्कन र स्वीकृतिका लागि तोकिएको अवधिभित्र पेस हुन आएका तपसिलबमोजिमका पाठ्यसामग्री आवश्यक निर्णयार्थ पाठ्यसामग्री व्यवस्थापन तथा मूल्याङ्कन समितिमा पेस हुँदा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, आधारभूत तह ( कक्षा १-३ ) को पाठ्यक्रम, पाठ्यसामग्री विकाससम्बन्धी विद्यमान प्रावधान, ऐन, कानुन, निर्देशिका, कार्यविधि, प्रकाशन शैलीका प्रावधान, पठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा जारी गरेका र पाठ्यसामग्री सुधार/परिमार्जन/पुनर्लेखनका लागि दिइएका सुझाव र निर्देशनको परिपालना गरी स्वीकृति दिन सिफारिस भएअनुसार यस कार्यालयको मिति २०७८।०२।२४ गतेको निर्णयानुसार तपसिलमा उल्लिखित निर्देशनको पूर्ण परिपालना गरी शैक्षिक वर्ष २०७८, २०७९ र २०८० गरी तीन शैक्षिक वर्षका लागि गुणस्तरीय एवम् त्रुटिरहित पाठ्यसामग्री विकास गरी प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको छ। विद्यमान संवैधानिक व्यवस्था, ऐन, कानुन, निर्देशिका, कार्यविधि, पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा जारी गरेका निर्देशनलगायतका प्रावधानहरूको पूर्ण परिपालना नगरी गुणस्तरहीन पाठ्यसामग्रीको विकास, प्रकाशन र विक्रीवितरण गरेको पाइएमा, पाठ्यक्रम परिवर्तन भएमा वा यस केन्द्रबाट अन्य निर्णय भएमा यो स्वीकृति जुनसुकै बेला रद्द हुने छ।

मीनबहादुर थापा
पाठ्यक्रम अधिकृत

**तपसिल :**

**(क)पाठ्यसामग्रीको नाम :**

| | | |
|---|---|---|
| १ | हाम्रो सेराफेरो | आधारभूत तह/ कक्षा २ र ३ |

**(ख) निर्देशन :**

१.आवरण पृष्ठको अघिल्लो (Front) भागको बायाँ (Verso) पृष्ठमा नेपालको आधिकारिक नक्सा र आवरण पृष्ठको पछिल्लो (Back) भागको दायाँ (Recto) पृष्ठमा कोभिड १९ सङ्क्रमण रोकथामसम्बन्धी सूचना यस केन्द्रको वेबसाइडबाट डाउनलोड गरी समावेश गर्ने

२.स्वीकृति पत्र स्क्यान गरी पाठ्यसामग्रीको शीर्षक पृष्ठभन्दा पछि दायाँ (Recto) पृष्ठमा समावेश गर्ने। पाठ्यसामग्रीको प्रत्येक पृष्ठको पुच्छर (Footer) मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गरेको पाठ्यसामग्रीको तीन प्रति यस केन्द्रमा पेस गरेपछि मात्र विक्रीवितरण गर्ने

३.शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसारको मूल्य कायम गर्ने र मूल्य सर्वाधिकार पृष्ठमा राख्नुपर्ने। प्रतिलिपि अधिकार (Copy right) को सम्बन्धमा लेखक र प्रकाशक स्वयम् जिम्मेवार हुने

४.पाठ्यसामग्री विकाससम्बन्धी विद्यमान प्रावधान तथा पाठ्यसामग्री सुधार र परिमार्जनका लागि यस अघि दिइएका निर्देशनको पूर्ण परिपालना गर्ने

५.एकीकृत पाठ्यक्रमको मूल मर्म र भावनाअनुरूप पाठ्यक्रमका सम्पूर्ण पक्ष एवम् विषयवस्तु समावेश गरी पाठ्यसामग्रीलाई गुणस्तरीय बनाउने

६.सिकाइ सहजीकरणका लागि अभ्यास तथा सिकाइ क्रियालापका लागि दिइएका निर्देशनमा रङ संयोजन यस अघि दिइएका निर्देशन अनुसार उपयुक्त र सान्दर्भिक रूपमा गर्ने।

७.एउटा पाठ्यसामग्री/पाठमा समावेश गरिएका विषयवस्तु, अभ्यास, चित्र आदि अर्को पाठ्यसामग्री/पाठमा समावेश नगर्ने।


८.राष्ट्र, राष्ट्रिय एकता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, पहिचान, सम्मान र समृद्धिमा आँच आउने तथा विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, सामाजिक सहिष्णुता, सद्भाव, सांस्कृतिक मूल्यमान्यता, रहनसहन आदिमा प्रतिकूल प्रभाव पार्ने कुनै पनि विषयवस्तु, उदाहरण, चित्र, अभ्यास, सिकाइ क्रियाकलाप समावेश नगर्ने

९.जातजाति, भाषा, धर्म, संस्कृति, वर्ण, क्षेत्र, लैङ्गिकता, अपाङ्गता, पेसा, व्यवसाय, सामाजिक सांस्कृतिक अवस्थाका आधारमा भावनात्मक रूपमा चोट पुर्‍याउने, आक्षेप लाग्ने, होच्याउने र विभेदीकरण गर्ने किसिमका विषयवस्तु, उदाहरण, चित्र, अभ्यास, सिकाइ क्रियाकलाप समावेश नगर्ने

१०.पाठ्यसामग्रीमा समावेश गरिएका चित्र, नक्सा, चिह्न, सङ्केत आदि शुद्ध, स्पष्ट र बोधगम्य हुनुपर्ने

११.विद्यार्थीलाई थप भार पर्ने गरी पाठ्यक्रममा समावेश नगरिएका विषयवस्तु, अभ्यास तथा सिकाइ क्रियाकलाप पाठ्यसामग्रीमा समावेश नगर्ने

**पुनश्च : यो स्वीकृति शैक्षिक वर्ष २०७८, २०७९ र २०८० का लागि प्रदान गरिएकाले सोहीबमोजिम प्रकाशन, विक्रीवितरण र प्रयोग गर्नुगराउनहुन सम्बन्धित सरोकारवाला सवैमा अनुरोध छ।**



# विषयसूची





## एकाइ १ म र मेरो परिवार

| | | |
|---|---|---|
| पाठ १ | मेरो परिवार | २ |
| पाठ २ | छरछिमेक | ७ |
| पाठ ३ | सहयोग र हेरचाह | १३ |
| पाठ ४ | हाम्रा खानेकुरा | १७ |
| पाठ ५ | घरायसी औजार/उपकरण | २१ |






## एकाइ २ मेरो दैनिक जीवन

| | | |
|---|---|---|
| पाठ १ | व्यक्तिगत सरसफाई | २५ |
| पाठ २ | पानी | ३४ |
| पाठ ३ | विद्युत र चुम्बक | ३८ |
| पाठ ४ | ध्वनि | ४३ |
| पाठ ५ | ताप र प्रकाश | ४८ |






## एकाइ ३ हाम्रो समुदाय

| | | |
|---|---|---|
| पाठ १ | सहयोग | ५५ |
| पाठ २ | राम्रो बानी | ६० |
| पाठ ३ | रोगबाट बचौँ | ६३ |
| पाठ ४ | खेल्दै रमाऔँ | ६८ |
| पाठ ५ | जनावर | ७२ |






## एकाइ ४ हाम्रो विद्यालय

| | | |
|---|---|---|
| पाठ १ | मेरो कक्षाकोठा | ८२ |
| पाठ २ | कसरत र व्यायाम | ८७ |
| पाठ ३ | हाम्रो सुरक्षा | ९० |
| पाठ ४ | बगैंचा | ९५ |
| पाठ ५ | प्रकोप | १०० |



## एकाइ ५ हाम्रो वरपरका सजीवहरू


| | | |
|---|---|---|
| पाठ १ | जनावरको चाल | १०६ |
| पाठ २ | बोटबिरुवा | १११ |
| पाठ ३ | विभिन्न प्रकारका बोटबिरुवा | ११६ |




## एकाइ ६ हाम्रो वातावरण


| | | |
|---|---|---|
| पाठ १ | हाम्रो वरपरको सरसफाइ | १२२ |
| पाठ २ | सार्वजनिक सम्पत्ति | १२७ |
| पाठ ३ | हावा, पानी र माटोको उपयोगिता | १३१ |
| पाठ ४ | वस्तुका गुणहरू | १३५ |




## एकाइ ७ मेरो सिर्जना


| | | |
|---|---|---|
| पाठ १ | चित्र बनाऔँ | १४३ |
| पाठ २ | माटोबाट वस्तुहरू बनाऔँ | १५१ |
| पाठ ३ | गीत गाऔँ | १५३ |
| पाठ ४ | नाचौँ | १५७ |




## एकाइ ८ हाम्रो संस्कृति


| | | |
|---|---|---|
| पाठ १ | हाम्रा चाडपर्व | १६३ |
| पाठ २ | राष्ट्रिय चिन्हहरू | १६८ |




## एकाइ ९ सञ्चार प्रविधि र बजार


| | | |
|---|---|---|
| पाठ १ | सूचना र सञ्चार | १७३ |
| पाठ २ | हाम्रा उत्पादन | १७७ |
| पाठ ३ | आम्दानी र खर्च | १८० |




## एकाइ १० हाम्रो वरपरको संसार


| | | |
|---|---|---|
| पाठ १ | मौसम | १८७ |
| पाठ २ | जमिन | १९३ |
| पाठ ३ | हावा र पानी | १९७ |